कृपा
राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२६१ बारा, २०८३ मंसिर १० गते विहिबार / द्वितीया / नेपाल संवत् ११४७ / Thursday, November 26 2026 / पृष्ठ ४ /मूल्य रू. ५/- पाँच

महागढीमाई नगरपालिकाका ३ वटा शाखामा तालाबन्दी



कलैया,९ मंसिर/बाराको महागढीमाई नगरपालिकामा रकम भुक्तानी विवादलाई लिएर नगरप्रमुख उपेन्द्रप्रसाद यादवले कार्यालयको प्राविधिक, जिन्सी र लेखा शाखामा ताल्चा लगाउनुभएको छ ।

नगरपालिकाले गरेको सिसिटिभी क्यामरा जडानको भुक्तानी विवादमा नगर प्रमुख यादवले नगर प्रहरी परिचालन गरेर कार्यालयको शाखाहरूको ढोकामा मंगलबार तालाबन्दी गर्न लगाउनुभएको छ ।

सर्वसाधारणको कामले अति व्यस्त रहने शाखाहरू बन्द गरिँदा सेवाग्राहीको कामकाज प्रभावित हुनुका साथै पालिकाको प्रशासनिक गतिविधिमा समेत अवरोध सिर्जना भएको छ । महत्वपूर्ण शाखामा तालाबन्दीपछि कार्यालयको नियमित सेवा प्रभावित भएको छ ।

विवाद समाधानका लागि कानुनी तथा प्रशासनिक प्रक्रिया अपनाउनुपर्नेमा नगर प्रहरी परिचालन गरी कार्यालयका शाखाहरू बन्द गराउने नगरप्रमुखको कार्यशैलीको सर्वत्र आलोचना सुरु भएको छ ।

सामुहिक गिरफ्तारीको माग गर्दै बाराका पत्रकारहरूको जिल्ला प्रशासन कार्यालयअगाडि प्रदर्शन



कलैया, ९ मंसिर/सरकारद्वारा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि गर्दैआएको हस्तक्षेप, पत्रकारमाथिको धरपकड र श्रम अधिकार हननविरुद्ध नेपाल पत्रकार महासंघ बारा शाखाले बुधबार कलैयामा विरोध प्रदर्शन गरेको छ ।

नेपाल पत्रकार महासंघको आन्दोलनको केन्द्रीय कार्यक्रमअन्तर्गत महासंघ बारा शाखाको आयोजनामा सदरमुकाम कलैयास्थित जिल्ला प्रशासन कार्यालयअगाडि 'पत्रकारलाई सामूहिक गिरफ्तार गर' भन्ने नारासहित पत्रकारहरूले प्रदर्शन गरेका हुन् ।

प्रदर्शनमा सहभागी पत्रकारहरूले प्रेस स्वतन्त्रताको सम्मान, पत्रकारको पेसागत सुरक्षा र श्रम अधिकारको सुनिश्चितता गर्न सरकारसँग माग गरेका छन् ।

समाचार लेखेकै आधारमा पत्रकारलाई पक्राउ गर्ने, सञ्चारमाध्यममा प्रहरी प्रवेश गरी पत्रकारमाथि धरपकड गर्ने तथा स्वतन्त्र पत्रकारितालाई नियन्त्रण गर्ने प्रयास तत्काल बन्द गर्न उनीहरूले माग गरेका छन् ।

नेपाल पत्रकार महासंघ बारा शाखाका अध्यक्ष रमेश सुवेदीको नेतृत्वमा भएको प्रदर्शनमा महासंघका केन्द्रीय सदस्य सिकेन्द्र पासवान, मधेस प्रदेश कोषाध्यक्ष अनिल गौरव, प्रदेश सदस्य साजिर मन्सुर, वरिष्ठ पत्रकार सत्यप्रसाद श्रेष्ठ, रामेश्वर मेहता र गोकुल घोरसाइनेलगायत सहभागी थिए ।

त्यसैगरी फोटो पत्रकार महासंघका सचिव जितलाल श्रेष्ठ, प्रेस चौतारीका अध्यक्ष थमनेश्वर सापकोटा, महासंघ बारा जिल्ला शाखा सदस्य नरेश गुप्ता, फोनिज बारा अध्यक्ष धीरेन्द्र पुनहर तथा पत्रकार पवन यादवसहित जिल्लाका विभिन्न सञ्चारमाध्यममा आबद्ध पत्रकारहरूको उपस्थिति थियो ।

प्रदर्शनमा पत्रकारहरूले राज्यले प्रेसलाई नियन्त्रण गर्ने होइन, स्वतन्त्र र निर्भीक पत्रकारिताका लागि सुरक्षित वातावरण निर्माण गर्नुपर्ने धारणा राखेका थिए । पत्रकारमाथि हुने धरपकड र श्रम शोषणविरुद्ध पत्रकारहरू एकजुट भएर उभिनुपर्ने सन्देशसमेत प्रदर्शनमार्फत दिइएको थियो ।

महासंघका सचिव पुष्पराज खतिवडाका अनुसार केन्द्रीय समितिले घोषणा गरेको आन्दोलनका कार्यक्रमअनुसार बारा शाखाले जिल्ला प्रशासन कार्यालयअगाडि विरोध प्रदर्शन गरेको हो ।

पछिल्लो समय संचारगृहको समाचार कक्षमै प्रहरी प्रवेश गरी पत्रकार पक्राउ गरिएको घटना, प्रेस काउन्सिल ऐन संशोधनसम्बन्धी अध्यादेशको प्रयास, सञ्चारकर्मीको जबर्जस्ती बर्खास्ती, पारिश्रमिक तथा श्रम अधिकारको उल्लंघनलगायत विषयलाई लिएर नेपाल पत्रकार महासंघ चरणबद्ध आन्दोलनमा छ ।

महासंघले आजको लागि देशभरका जिल्ला प्रशासन कार्यालयअगाडि 'पत्रकारलाई सामूहिक गिरफ्तार गर' भन्ने ब्यानरसहित प्रदर्शन गर्ने कार्यक्रम तय गरेको थियो । माग सम्बोधन नभए आन्दोलनका थप कार्यक्रम अघि बढाउने महासंघले चेतावनीसमेत दिएको छ ।

पत्रकारिता राज्यको निगरानी गर्ने लोकतान्त्रिक माध्यम भएकाले पत्रकारमाथिको असुरक्षा र प्रेसमाथिको हस्तक्षेपले नागरिकको सूचनाको हक तथा लोकतान्त्रिक अभ्यासमै असर पार्ने भन्दै महासंघले सरकारलाई आफ्ना मागप्रति गम्भीर बन्न आग्रह गरेको छ ।

सिमरा महिला साकोसद्वारा एक सय थान बेबी ब्ल्याङकेट हस्तान्तरण



सिमरा, ९ मंसिर/सिमरा महिला साकोसले जीतपुरसिमरा नगर अस्पताललाई नवजात शिशुको लागि प्रयोग हुने एक सय थान बेबी ब्ल्याङ्केट हस्तान्तरण गरेको छ ।

बाराको सिमरामा रहेको सिमरा महिला बचत तथा ऋण सहकारी संस्थाले लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसर पारेर सामाजिक उत्तरदायित्वअन्तर्गत नवजात शिशुका लागि एक सय थान बेबी ब्ल्याङकेट नगर अस्पताललाई हस्तान्तरण गरेको हो ।

संस्थाका अध्यक्ष मुना खरेलको अध्यक्षतामा भएको कार्यक्रममा वडा न २ का वडा अध्यक्ष धनबहादुर श्रेष्ठको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा जनप्रतिनिधि उद्धबप्रसाद गौतम, विशाल घिमिरे, डा. लोकेन्द्र साह, मेडिकल अधिकृत सुरज साह, डा.अंकिता जयसवालसहित अस्पताका नर्सिंग स्टाफहरुको उपस्थिति रहेको थियो ।

संस्थाले हस्तान्तरण गरेको उक्त ब्ल्याङ्केट नगर अस्पतालमा जन्म लिने नवजात शिशुका लागि वितरण गरिने बताइएको छ । नवजात शिशुहरूलाई आवश्यक न्यानो कपडा उपलब्ध गराउनुका साथै महिला सशक्तीकरण तथा लैङ्गिक हिंसा विरुद्धको अभियानलाई समर्थन र प्रोत्साहन गर्नु कार्यक्रमको उद्देश्य रहेको सिमरा साकोसले जनाएको छ ।

कार्यक्रममा अस्पतालका जनस्वास्थ्य अधिकृत अशोक जैसवाल, अस्पताल नर्सिंग निरीक्षक सुजिता मिश्रले कार्यक्रममा शुभकामना मन्तव्य राख्नुभएको थियो ।

संथाका कोषाध्यक्ष सनम पौडेलले स्वागत मन्तव्य राख्नुभएको कार्यक्रमको सहजीकरण संस्थाका सचिव गीता शर्माले गर्नुभएको थियो ।

कार्यक्रममा स्थानीय जनप्रतिनिधि, संस्थाका पदाधिकारीहरुसहित अस्पतालका स्वास्थ्यकर्मीलगायतको उपस्थिति रहेको थियो ।

बसको ठक्करबाट मोटरसाइकल चालक घाइते

सिमरा, ९ मंसिर/बाराको पथलैयामा बुधबार दिउँसो बसको ठक्करबाट मोटरसाइकल चालक गम्भीर घाइते भएका छन् । घाइते हुनेमा बाराको महागढीमाई नगरपालिका(५ का ३० वर्षीय शशीकान्त चौधरी रहेका छन् ।

घाइते चौधरीको अवस्था गम्भीर रहेको छ । उनको परवानीपुरस्थित एलएस न्यूरो अस्पतालमा उपचार भइरहेको छ ।

पथलैयाबाट निजगढतर्फ जाँदै गरेको लु१ख ४९६० नम्बरको बसले विपरित दिशबाट आउँदै गरेको प्र.३(०२(०१० प ६९६६ नम्बरको मोटरसाइकललाई एक नम्बर पुल नजिक ठक्कर दिँदा चौधरी घाइते भएका हुन् । प्रहरीले बस चालक सर्लाही हरिवन नगरपालिका(९ का ६० वर्षीय मनोदर बुढाथोकीलाई नियन्त्रणमा लिएको छ ।

निजगढको 'डम्पिङ्ग साइट' छेउको जंगलमा युवतिको शव फेला



निजगढ, ९ मंसिर/निजगढको तामागढी जंगलमा सढेगलेको अवस्थामा एक युवतिको बेवारिसे शव फेला परेको छ ।

इलाका प्रहरी कार्यालय निजगढका अनुसार निजगढ नगरपालिकाले फोहोर थुपार्ने स्थान (डम्पिङ्ग साइट) नजिकै आज दिउसो ४.५० बजे शरीरको कम्मरमाथिको भाग सढेगलेको र चिन्न नसकिने अवस्थामा रहेको अन्दाजी २०/२५ वर्ष उमेरको जस्तो देखिन युवतिको शव फेला परेको हो ।

शवको कम्मरभन्दा माथिको भाग गलेर नष्ट भएकाले पाइन्ट र टिसर्ट बाहेक शवको अन्य हुलिया भने पहिचान गर्न नसकिएको इलाका प्रहरी कार्यालय निजगढका प्रहरी निरीक्षक दाताराम अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार मृतक युवतिले जिन्सको पाइन्ट र सेतो टिसर्ट लगाएको देखिएको छ ।

निजगढ नगरपालिकाका सफाइ मजदुरहरु फोहोर फ्याक्न जाने क्रममा शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । शव फेला परेको खबर पाएलगत्तै निरीक्षक अधिकारीसहितको प्रहरी टोली घटनास्थलमा पुगेको हो ।

प्रहरीले अहिले साँझ पोष्टमार्टमको लागि शव प्रादेशिक अस्पताल कलैया पठाउने तयारी गरिरहेको र घटनाको थप अनुसन्धान भइरहेको निरीक्षक अधिकारीले जानकारी दिनुभयो ।

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

सम्पादकीय.....

पर्वको आवरणमा फस्टाएको विकृति

चाडपर्व र स्थानीय जात्रा(मेलाहरू हाम्रो मौलिक संस्कृति, धार्मिक आस्था र सामाजिक सद्भावका संवाहक हुन् । यस्ता अवसरहरूले समुदायलाई एकताबद्ध बनाउनुका साथै स्थानीय कला, संस्कृति र पर्यटनको प्रवर्द्धनमा समेत टेवा पुऱ्याउँछन् ।

तर, पछिल्लो समय यिनै पवित्र धार्मिक तथा सांस्कृतिक मेलाहरूको आडमा समाजमा विकृति र गैरकानुनी क्रियाकलापहरू मौलाउँदै जानु निकै चिन्ताजनक विषय बनेको छ ।

यसैको पछिल्लो उदाहरण बाराको निजगढ नगरपालिका(३, सिंगौलस्थित गुम्बा मेलाको नाममा भइरहेको खुलेआम जुवा (कौडा) खेललाई लिन सकिन्छ । मेला सुरु हुनुअघिदेखि नै मेला परिसरबाट मात्र ३ सय मिटर पूर्वमा रहेको स्थानीय रिसोर्टमा रातभर लाखौं रुपैयाँको हारजित हुने गरी कौडा खेलाइनुले धार्मिक मेलाको गरिमामाथि नै गम्भीर प्रहार गरेको छ ।

विगतका वर्षहरूमा मेलाको मौका छोपी धन्सार नदी पारि मकवानपुरको रजुवा क्षेत्रमा लुकिछिपी खेलाइने जुवा यसपटक भने गाउँकै रिसोर्टमा, त्यो पनि मेलास्थलको यति नजिकै सञ्चालन हुनुले कानुनी राज्यको उपहास गरेको छ ।

बारा र रौतहटका विभिन्न स्थानबाट जुवाडेहरू भेला भएर रातभर लाखौंको बाजी थाप्दा समेत सम्बन्धित निकाय बेखबर रहनु वा मौन बस्नु आफैंमा रहस्यमय छ ।

नेपालको प्रचलित कानुनले जुवा खेल्नु र खेलाउनुलाई स्पष्ट रूपमा दण्डनीय अपराध मानेको छ। अझ व्यावसायिक रूपमै रिसोर्टजस्तो सार्वजनिक स्थान उपलब्ध गराएर जुवाको अखाडा सञ्चालन गर्नु गम्भीर कानुनी उल्लंघन हो । यस्ता गतिविधिले एकातिर कयौं परिवारको आर्थिक उठिबास लगाउँछ भने अर्कोतिर समाजमा चोरी, लुटपाट, झैझगडा र अन्य आपराधिक घटनाहरूलाई समेत निम्त्याउँछ ।

शान्तिपूर्ण रूपमा सम्पन्न हुनुपर्ने गुम्बा मेलाको पवित्र वातावरणलाई जुवाको खालले प्रदूषित बनाउँदा स्थानीय बासिन्दासमेत आजित र असुरक्षित महसुस गर्न थालेका छन् ।

मेला आयोजक समितिले पनि मेलाको नाम भजाएर भइरहेका यस्ता अनैतिक गतिविधिप्रति आँखा चिम्लन मिल्दैन । मेलाको मर्यादा जोगाउन आयोजक स्वयं सचेत हुनुपर्छ र यस्ता क्रियाकलापको खुलेर विरोध गर्नुपर्छ। सँगसँगै, स्थानीय प्रशासन र प्रहरी संयन्त्रले 'सूचना नआएको' बहाना बनाएर पन्छिन मिल्दैन । गाउँकै रिसोर्टमा रातभर लाखौंको जुवा चलिरहँदा स्थानीय प्रहरी प्रशासनको सक्रियता कहाँ छ भन्ने गम्भीर प्रश्न उठेको छ ।

तसर्थ, स्थानीय प्रशासन र प्रहरीले तत्काल हस्तक्षेप गरी मेलाको नाममा भइरहेको जुवाको खाल बन्द गराउनुपर्छ । जुवा खेलाउने रिसोर्ट सञ्चालक र संलग्न जुवाडेहरूलाई कानुनी दायरामा ल्याई कडा कारबाही गरिनुपर्छ ।

धर्म, संस्कृति र मेलाको आवरणमा हुने कुनै पनि गैरकानुनी कार्यलाई निरुत्साहित गर्दै सिंगौलको गुम्बा मेलालाई सभ्य, भव्य र मर्यादित बनाउनु आजको आवश्यकता हो ।

निजामती प्रशासनको विनिर्माण

निजामती प्रशासन मुलुकको समग्र विकास र समृद्धिको सारथि भएकाले यसमा विनिर्माणको जगबाट व्यापक रूपान्तरण अपरिहार्य भएको छ । परम्परागत मूल्यमान्यता, दर्शन, सिद्धान्त, नीति र व्यवहारको अवरोध भत्काउन नवीनताको स्पष्ट मार्गचित्र हुनु पर्छ । हालको परीक्षा प्रणालीले उच्चस्तरको स्कोर ल्याउने उम्दा विद्यार्थी निजामती सेवामा आकर्षित हुन सकिरहेका देखिँदैन ।



रामबहादुर तामाङ



बहुचर्चित र बहुप्रतीक्षित निजामती सेवा विधेयक अनेकौं घुम्ती पार गर्दै अन्ततः सङ्घीय संसद्मा पुगेको छ । सरकारको नीति, निर्णय र कार्यक्रम सञ्चालनको मुख्य कार्यभार बोकेको निजामती सेवा अन्य सरकारी सेवाको मार्गदर्शकका रूपमा समेत रहने गरेका कारण सर्वाधिक चासो र चर्चाको विषय बनेको छ । संसद्मा पेस भएको यो विधेयकका अनेक नवीन आयाम छन् । कतिपयले यसलाई निजामती सेवाको विनिर्माण भनेका छन् । अनिवार्य अवकाशको ३०-५५ को प्रावधान, निवृत्तिभरण प्रयोजनका लागि ३० वर्षभन्दा बढी सेवा अवधि गणना नहुने, सचिव र मुख्य सचिवको सेवा अवधि घटाउनेलगायतका व्यवस्था विनिर्माण भन्न सकिने स्पष्ट प्रावधानसमेत हुन् ।

निजामती कानुन निर्माणका क्रममा विगतका कतिपय प्रवृत्ति असल अभ्यासबाट अनुप्राणित देखिएको भन्न मिल्ने छैन । स्वार्थ समूहहरूको चलखेल अति नै देखियो । फलस्वरूप समयमा कानुन बनेन । त्यो अवस्था नै विनिर्माणरूपी नयाँ प्रावधानहरूका सैद्धान्तिक र व्यावहारिक जग भन्न सकिन्छ । परिणामभन्दा पनि पात्रको पछाडि घुमिरहने प्रशासनिक घनचक्करबाट अब बाहिर निस्कनु जरुरी छ । विनिर्माणले परम्परा र प्रक्रियाभन्दा परिणामलाई केन्द्रमा राखेर काम गरेको हुन्छ । विनिर्माण विध्वंस होइन, वर्तमान संरचनालाई ध्वस्त बनाउनु पनि होइन तर टालटुले सुधार पनि हुन सक्दैन । मर्मतसम्भार त झन् हुँदै होइन । क्यान्सररूपी समस्या समाधानका लागि नियमित, प्रचलित र परम्परागत तौरतरिका, सोच, शैली, विचार, दर्शन र व्यवहारले नभई विनिर्माणको हतियारले आमूल सुधार गर्नु हो । यो हतियार चलाउने नैतिक बल परिणाम र सेवा प्रवाह दिने असल लक्ष्यप्रेरित हुनु पर्छ ।

विनिर्माण गर्दा सिर्जनशील विनाश गर्न डराउनु हुँदैन । नियमितताभन्दा आकस्मिकता स्वाभाविक हुन्छ । नवीन विचार र त्यसका प्रावधान विश्वका असल अभ्यासबाट निर्देशित हुनु पर्छ । विनिर्माणका धक्का पक्कै पनि स्वाभाविक लाग्दैनन् तर ती अस्वाभाविक चाहिँ होइनन् । औचित्य पुष्टिका लागि परिपक्व हुने समय हेरिनु पर्छ । यसमा परम्परागत मूल्यमान्यता भत्कन्छन् र बिलकुल नयाँ किसिमको सोच, विचार, सिद्धान्त र व्यवहारले उच्चस्तरको परिणाम निकाल्ने गरी वैज्ञानिक, व्यवस्थित, तार्किक निष्कर्षका साथ नयाँ मूल्यमान्यता निर्माण गरिन्छ ।

राज्यको नीति, कार्यक्रम, कानुन र निर्णय कार्यान्वयन गर्न सक्षम कर्मचारीतन्त्रको पक्षमा प्रस्तावित विकल्पहरू खोजिएका हुन् भनेर असल मनसायका साथ सबैले साथ, सहयोग र समर्थन गर्नु अहिलेको आवश्यकता हो । ती नयाँ प्रावधान कार्यान्वयन नहुँदै अनावश्यक शङ्का गरेर पूर्वाग्रही हुन जरुरी छैन । शासकीय सुधारका नवीन अभ्यासमा जाँदा विमर्श हुन्छ । बहस हुन्छ तर तिनले सुधारका दिशा निर्देशित गर्नु पर्छ । विधेयकको प्रस्तावित व्यवस्थाले परम्परागत दर्शनको जगलाई नयाँ तौरतरिकाले सोच्न बाध्य बनाएको भने पक्कै हो ।

एक पटकका लागि भनेर ३०-५५ को प्रावधानले कर्मचारीको सङ्ख्या ह्वात्तै घटाएर राज्यको स्रोत जोगाउन त सकिन्ट तर त्यसले केही नयाँ परिस्थिति पनि ल्याउन सक्छ । नयाँ प्रावधानले ल्याउन सक्ने विभेद, अन्याय, अनुभव शून्यताको अवस्था, कर्मचारीको संवैधानिक, कानुनी र स्वाभाविक अपेक्षामाथि हुने प्रहार, एकै पटक आउन सक्ने आर्थिक भारलगायत विषय स्वाभाविक रूपमा उठेका छन् । नयाँ प्रावधानले कसैको सेवा अवधि पाँच वर्ष लम्बिने, कसैले बढुवाको मुखमा तत्काल अवकाशमा जानुपर्ने जस्ता परिस्थिति उत्पन्न हुन सक्छ। यसमा विभेद देखिन सक्छ । यसलाई न्यायपूर्ण र तार्किक निष्कर्षमा पुऱ्याउनु पर्छ ।

कार्यकारी पदमा विज्ञताका आधारमा बाहिरबाट नियुक्ति गर्ने प्रावधान निजामती सेवाको इतिहासमा नवीन अभ्यास हुने छ । नयाँ प्रयोगबाट परिणाम खोजिएको उपायका रूपमा यो नवीन प्रस्ताव हो । लोक सेवा आयोगको अहिलेको परीक्षा उत्तीर्ण गर्न घोक्न नसक्नेलाई काम छैन । त्यसैले बजारमा उपलब्ध उच्चस्तरको विषयगत क्षेत्रका दक्ष जनशक्तिलाई निजामती सेवामा प्रवेश गराउन सम्भव छैन । विज्ञताका आधारमा कार्यकारी पदमा बजारका उत्कृष्ट जनशक्तिलाई नियुक्ति गर्नु बहसको विषय भए पनि नयाँ र प्रभावकारी विकल्प हुन सक्छ ।

स्थायी सरकारको आधारस्तम्भ मानिने निजामती प्रशासन भविष्यमा आकर्षक बनाउन राम्रो सेवासुविधा अपरिहार्य नै हुन्छ । नेपालको निजामती कर्मचारीको सेवासुविधा विश्वमै तुलनात्मक रूपमा न्यून छ । सेवामा बहाल रहँदाको अवस्थामा समेत आधारभूत आवश्यकता पूरा गर्ने अवस्था छैन । जीवनको लामो कालखण्ड सेवामा समर्पण गरेबापतको क्षतिपूर्ति र सामाजिक सुरक्षाबापत प्राप्त हुने निवृत्तिभरणको सानो अङ्कमा राज्यको आँखा लाग्नु न्यायोचित हुने छैन । केही प्रतिशत कर्मचारीले पदीय मर्यादाविपरीतका कार्य गरेर अतिरिक्त सम्पत्ति आर्जन गरेको अवस्था नैतिक र कानुनी होइन । त्यो भ्रष्टाचार हो ।

सेवा प्रवाह सुधार्ने सर्तमा परम्परागत मूल्यमान्यतामाथि चल्ने विनिर्माणको निर्मम प्रहार समयको माग हुन सक्छ । तथापि कानुन निर्माण गर्दा विभेद र अन्याय हुनु हुँदैन । निवृत्तिभरण गणनामा ३० वर्षको मात्र हिसाब गर्ने भन्ने प्रावधान अन्यायपूर्ण हुन सक्छ । बुढेसकालमा रोगको उकालोलाग्दो ग्राफसँगै औषधी किन्न नसकिने तथा परिवार र समाजबाट तिरस्कृत हुनुपर्ने उमेरमा आफ्नो उर्वरशील जीवनमा बर्सौं सेवा गरेबापत बजार मूल्यको तुलनामा निम्न तहको पेन्सन सुविधामा समेत राज्यले कैंची चलाउनु उचित हुन सक्दैन ।

बजारका उत्कृष्ट युवा निजामती सेवामा आकर्षण गर्न निवृत्तिभरण प्रणाली पनि आकर्षक हुनुपर्नेमा विवाद छैन तर पहिलेकै सेवा सर्तलाई मर्का पारिनु हुन्न । नयाँ प्रावधान नयाँ नियुक्ति हुनेका लागि न्यायोचित हुन सक्छ । मौजुदा सेवा सर्त स्वीकार गरेर नयाँ नियुक्ति हुनेले पाउने सुविधा कानुनसम्मत हुन्छ ।

पुरानालाई सामाजिक सुरक्षा, कानुनी र मानवीय आधारमा पनि खाइपाई आएको सुविधा घटाउनु अन्याय हुन जान्छ । विज्ञताका आधारमा कार्यकारी पदमा बाहिरबाट नियुक्ति लिँदा बहालवाला सक्षम कर्मचारीलाई कुनै मर्का नपर्ने तर पद मात्र ओगटेर परिणाम र सेवा प्रवाह दिन नसक्नेप्रति निर्मम हुने प्रावधान उचित हुन्छ । सचिव र मुख्य सचिवको पदावधि घटाउँदा बढुवाको लाइनमा बस्नेलाई अवसर प्राप्त हुने, नयाँ नेतृत्व आउने भए पनि विशिष्ट श्रेणीको पदबाट अवकाश हुनेको सङ्ख्याले तत्कालै भार बढ्न सक्छ ।

निजामती सेवामा नयाँ र दक्ष जनशक्ति प्रवेश गराउन साबिक सेवा सुविधामा सम्भव छैन । निजामती सेवालाई प्रतिस्पर्धी, सक्षम बनाउन चाहना गर्ने अर्कोतिर पाइरहेको सानातिना सेवासुविधा पनि घटाउने कुरा गर्नु आफैंमा विरोधाभासपूर्ण देखिन्छ । निजामती कर्मचारी सरकारको प्रतिस्पर्धी नभई सहयोगी हो भने सरकार कर्मचारीको संरक्षक र असल अभिभावकसमेत हो । उत्कृष्ट प्रतिफलका निम्ति सेवा सुविधा बढाउनै पर्छ ।

तत्कालको शासकीय सङ्कट समाधान गर्ने उद्देश्यले मात्र निजामती सेवा विधेयकमा विनिर्माणका हतियार चलाइनु उचित हुँदैन । परिवर्तन परिवर्तनका लागि नभई दीर्घकालीन शासकीय सुधारका आधारस्तम्भ हुनु पर्छ । परिणामका लागि पात्रभन्दा प्रणाली महत्वपूर्ण हुने गर्छ । पात्र फेरिए पनि प्रणालीले काम गरिरहने सुनिश्चितता हुने गरी भएका निर्णयले दीर्घकालीन महत्व राख्छ । यसकारण यी विनिर्माणरूपी नयाँ प्रावधानको प्रयोगपछि परिणाम र सेवा प्रवाह सुधार आउने सुनिश्चितता हुनु पर्छ । केवल नयाँ प्रयोग मात्र हुनु हुन्न ।

निजामती सेवाको पदमा नियुक्ति गर्दा अधिकृतस्तरमा एक पटक र सहायकस्तरमा एक पटक मात्र खुला प्रतिस्पर्धाको व्यवस्था गर्दा बाँकी पदहरूमा कार्यक्षमताका आधारमा बढुवा गरिनु उपयुक्त हुन्छ। हरेक तहको खुला परीक्षाको तयारीभन्दा कामप्रति बढी जिम्मेवार बनाउने प्रावधान जरुरी छ । कामसँग सम्बन्धित ज्ञान, सिप र कला सिक्नमा बढीमा तत्पर हुने अवस्था सिर्जना होस् । यसले परिणाम र सेवा प्रवाहको सुनिश्चितता गर्न सक्छ । कार्यालयको काममा रातदिन खट्नेभन्दा मेचमा कोट झुन्ड्याएर लोक सेवाको तयारी गर्नेहरू नै खुला परीक्षामा उत्तीर्ण हुने गरेका देखिएको छ। यस्तो प्रवृत्तिमा विराम लगाउने गरी नयाँ ऐन आउनु पर्छ ।

सेवामा नयाँ रक्तसञ्चार गराउन विश्वविद्यालका उत्कृष्टलाई निजामती सेवाको विषय मिल्ने पद वा जिम्मेवारीमा करारमा नियुक्ति दिने व्यवस्था पनि सीमित विकल्प हुन सक्छ । विज्ञताका आधारमा करारमा कार्यकारी पदमा नियुक्ति गर्न सकिने विधेयकको प्रावधान यस सिद्धान्तसँग मिल्दो देखिन्छ। परिणाम र सेवा प्रवाह दिन नसक्ने अवस्थाबाट उन्मुक्ति दिनु अपरिहार्य छ । अबको निजामती प्रशासनको स्पष्ट मार्गचित्र भनेको विज्ञता, क्षमताको छनोट र स्पष्ट परिणाम हुनै पर्छ ।

निजामती प्रशासन मुलुकको समग्र विकास र समृद्धिको सारथि भएकाले यसमा विनिर्माणको जगबाट व्यापक रूपान्तरण अपरिहार्य भएको छ । परम्परागत मूल्यमान्यता, दर्शन, सिद्धान्त, नीति र व्यवहारको अवरोध भत्काउन नवीनताको स्पष्ट मार्गचित्र हुनु पर्छ । हालको परीक्षा प्रणालीले उच्चस्तरको स्कोर ल्याउने उम्दा विद्यार्थी निजामती सेवामा आकर्षित हुन सकिरहेका देखिँदैन । मेधावी विद्यार्थीको निजामती सेवामा प्रवेश नभई अब्बलस्तरको परिणाम हासिल हुन नसक्ने भएकाले लोक सेवाको परीक्षा प्रणालीलाई सिर्जनशील, सिप, विवेक र व्यक्तिको नियतको वास्तविक परीक्षण हुने गरी विकास गरिनु वाञ्छनीय छ ।

साभार: गोरखापत्र



आजदेखि लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान शुरू



काठमाण्डौ ९ मंसिर/आज नोभेम्बर २५ तारिख अर्थात् महिला हिंसा उन्मूलनका लागि अन्तर्राष्ट्रिय दिवस, विभिन्न जनचेतनामूलक कार्यक्रम गरी मनाइँदै छ ।

महिला तथा बालिकामाथि हुने हिंसा मानव अधिकार उल्लङ्घनको स्वरूप भएको उल्लेख गर्दै संयुक्त राष्ट्रसङ्घले हिंसा अन्त्यका लागि कानुनी व्यवस्था, न्यायमा पहुँच र जनचेतना अभिवृद्धिमा जोड दिँदै आएको छ ।

विश्वभर हरेक १० मिनेटमा एक महिला वा बालिकाको आफ्नै घनिष्ठ साथी वा परिवारका सदस्यबाट हत्या हुने गरेको तथ्य पनि सार्वजनिक भएको छ । राष्ट्रसङ्घीय लागुऔषध तथा अपराध कार्यालय र संयुक्त राष्ट्रसङ्घीय महिला निकायले सार्वजनिक गरेको प्रतिवेदनअनुसार सन् २०२४ मा विश्वभर झण्डै ५० हजार महिला तथा बालिकाको आफ्नै घनिष्ठ साथी वा परिवारका सदस्यबाट हत्या भएको तथ्यांक छ ।

महिला हिंसा उन्मूलनको अन्तर्राष्ट्रिय दिवसका अवसरमा आजदेखि लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान पनि शुरु भएको छ । हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० तारिखसम्म विश्वभर यो अभियान मनाउने गरिन्छ ।

नेपालले पनि महिला हिंसाविरुद्धको राष्ट्रिय अभियान विभिन्न कार्यक्रम गरी मनाउने गरेको छ । 'लैंगिक हिंसा अन्त्यका लागि ऐक्यबद्धता: पीडितको संरक्षण, दण्डहीनताको अन्त्य र न्यायको सुनिश्चितता' नाराका साथ १६ दिने अभियान शुरु भएको छ ।

सन् १९८० को दशकदेखि नै विभिन्न देशले महिलामाथि हुने हिंसाविरुद्धको दिवस मनाउँदै आएका छन् । सन् १९९९ मा संयुक्त राष्ट्रसङ्घले अनुमोदन गरेपछि महिलामाथि हुने हिंसाविरुद्धको अभियान शुरु भएको हो । नेपालमा यो दिवस सन् १९९७ देखि विभिन्न कार्यक्रमको आयोजना गरी मनाउन थालेको हो ।

२०७५ साल कात्तिक २९ गतेको मन्त्रिपरिषद्को बैठकले हरेक वर्ष नोभेम्बर २५ तारिखलाई महिला हिंसाविरुद्धको १६ दिने अभियानका रूपमा मनाउने घोषणा गरेको थियो । नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव तथा हिंसाजस्ता जघन्य अपराधलाई कानुनमार्फत नै दण्डनीय बनाइएको छ ।

लैंगिक हिंसाविरुद्ध माइतीघरमा प्रदर्शन



काठमाडौं, ९ मंसिर/लैंगिक हिंसाविरुद्ध बुधबार काठमाडौंको माइतीघर मण्डलमा प्रदर्शन गरिएको छ ।

लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानका क्रममा माइतीघरमा प्रदर्शन गरिएको हो ।

युथ एड्भोकेसी नेपालको संयोजनमा नेपाल महिला एकता समाज, एक्सन एड नेपाल, ला भिया क्याम्बोडिया र वल्ड मार्च अफ वुमन संस्थाले प्रदर्शन गरेका हुन् ।

यसका क्रममा माइतीघरमा सडक नाटक पनि प्रदर्शन गरिएको छ। महिला हिंसा तथा विभेद् सचेतना जगाउन सडक नाटक प्रदर्शन गरिएको हो ।

सप्तरीमाहात्तीको....

सामान्य रहेको घिमिरेले जानकारी दिनुभयो ।

यस्तै, अग्निसाइर कृष्णासवरन गाउँपालिका(२ मा जङ्गली हात्तीको आक्रमणबाट स्थानीय गजेन्द्रनारायण शाह घाइते हुनुभएको वडाध्यक्ष पशुपतिप्रसाद चौधरीले जानकारी दिनुभयो । घाइते शाहको राजविराजस्थित छिन्नमस्ता अस्पतालमा उपचार भइरहेको उहाँले बताउनुभयो ।

यसअघि गत कात्तिक २९ गते साँझ सुरुङ्गा नगरपालिका(४ स्थित बिधन सामुदायिक वनमा जङ्गली हात्तीको आक्रमणबाट ७२ वर्षीय गोपी चौधरीको मृत्यु भएको थियो । बिरनगर निवासी चौधरी जङ्गलमा बाख्रा खोज्न गएको समयमा हात्तीले एक्कासि आक्रमण गरी गम्भीर घाइते बनाएको थियो ।

लगातार जङ्गली हात्तीको आक्रमणबाट मानवीय क्षति हुन थालेपछि जिल्लाका वन क्षेत्र आसपासका बस्तीमा त्रास बढेको छ । विशेषगरी रातिको समयमा हात्ती बस्तीमा प्रवेश गर्दा स्थानीयवासीको जनधन जोखिममा पर्ने गरेको रुपनी गाउँपालिका(६ का विजय भगतले बताउनुभयो ।

रुपनी र अग्निसाइर कृष्णासवरन गाउँपालिकासहित सुरुङ्गा र खडक नगरपालिकाका बस्तीमा करिब दुई सातादेखि जङ्गली हात्तीको बथान प्रवेश गरिरहेको छ। हात्तीले स्थानीयवासीमाथि आक्रमण गर्नुका साथै धान, कोदो र आलुखेतीमा समेत क्षति पुऱ्याएको छ

दानबहादुर कार्कीको रिटमा सर्वोच्चले अन्तरिम आदेश दिएन



काठमाण्डौ ९ मंसिर/सर्वोच्च अदालतले प्रहरी महानिरीक्षक (आईजीपी) बाट हटाइएका दानबहादुर कार्कीको रिटमा अन्तरिम आदेश दिन अस्वीकार गरेको छ ।

आज न्यायाधीशद्वय नृपध्वज निरौला र श्रीकान्त पौडेलको इजलासले कार्कीले माग गरेबमोजिम अन्तरिम आदेश जारी गर्नु नपर्ने आदेश दिएको हो ।

योसँगै मनोजकुमार शर्मालाई आईजीपीका रूपमा काम गर्ने बाटो खुला भएको छ ।

गएको कात्तिक १८ गते बसेको मन्त्रिपरिषद् बैठकले कार्कीलाई आईजीपीको जिम्मेवारीबाट हटाएर प्रधानमन्त्रीको विशेष सुरक्षा सल्लाहकार बनाउने निर्णय गरेको थियो । मन्त्रिपरिषद्ले कार्कीको ठाउँमा अतिरिक्त प्रहरी महानिरीक्षक (एआईजी) मनोजकुमार शर्मालाई आईजीपीमा नियुक्त गरेको थियो ।

यसपछि दानबहादुर कार्कीले मन्त्रिपरिषद्को निर्णय बदर गर्न माग गर्दै कात्तिक २० गते सर्वोच्चमा रिट दायर गर्नुभएको थियो ।

यसअघि न्यायाधीश श्रीकान्त पौडेलको एकल इजलासले मङ्सिर २ गते सरकारका नाममा कारण देखाऊ आदेश जारी गरी अन्तरिम आदेश जारी गर्ने वा नगर्ने विषयमा दुवै पक्षलाई छलफलका लागि बोलाएको थियो ।

चिनियाँ यान शेन्झाउ- २४ अन्तरिक्षकेन्द्रमा जोडियो

काठमाण्डौं,९ मंसिर/चीनले आज प्रक्षेपण गरेको शेन्झाउ(२४ मानवसहितको अन्तरिक्षयान तियाङगोङ अन्तरिक्ष केन्द्रमा सफलतापूर्वक जोडिएको छ ।

बेइजिङ समयअनुसार आज बुधवार बिहान ११ बजेर ५६ मिनेट अर्थात् नेपाली समयअनुसार बिहान ९ बजेर ४१ मिनेटमा अन्तरिक्ष केन्द्रको तियानहे मोड्युलमा सफलतापूर्वक जोडिएको चिनियाँ अन्तरिक्ष एजेन्सीले जनाएको छ। यानलाई पृथ्वीबाट त्यहाँ पुग्न झन्डै साढे ३ घण्टा लागेको थियो । यान जोडिएसँगै यात्रीहरू अन्तरिक्ष केन्द्रमा प्रवेश गरी कार्यभार हस्तान्तरण तथा वैज्ञानिक अनुसन्धानको काम शुरू गर्ने प्रक्रियामा जुटेका छन् ।

आज गएको यानमा चिनियाँ यात्रीहरू ताङ होङ्बो र वु यीसँगै पाकिस्तानका मुहम्मद जीशान अली पनि सहभागी हुनुहुन्छ । अन्तरिक्षमा पुग्ने जिशान अली पहिलो पाकिस्तानी नागरिक बन्नुभएको छ भने चिनियाँ अन्तरिक्ष केन्द्रमा पुग्ने उहाँ पहिलो विदेशी यात्रीसमेत हुनुहुन्छ । उहाँले पेलोड विशेषज्ञका रूपमा झन्डै एक हप्ता अन्तरिक्षमा रहेर वैज्ञानिक प्रयोगहरू गर्नुहुनेछ ।

पछिल्ला वर्षहरूमा चीनले अन्तरिक्ष अनुसन्धानमा तीव्र गतिमा फड्को मारिरहेको छ । आफ्नै स्थायी अन्तरिक्ष केन्द्रको सफल सञ्चालनपछि चीनले सन् २०३० सम्ममा चन्द्रमामा मानव पठाउने र त्यहाँ स्थायी अनुसन्धान आधार शिविर निर्माण गर्ने महत्त्वाकाङ्क्षी लक्ष्य लिएको छ ।

अन्तरिक्ष प्रविधिमा चीनको यो निरन्तरको प्रगति र अन्तर्राष्ट्रिय सहकार्यले विश्व अन्तरिक्ष विज्ञानमा नयाँ आयाम थपेको छ ।

विद्युत् चुहावट १२.१६ प्रतिशतमा झऱ्यो

काठमाडौं ९ मंसिर/ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले आर्थिक वर्ष २०८२/८३ मा विद्युत् चुहावट १२.१६ प्रतिशतमा झरेको जनाएको छ । ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठको निजी सचिवालयका अनुसार आव २०८२/८३ मा विद्युत् चुहावट १२.१६ प्रतिशतमा सीमित भएको हो ।

आव २०८१/८२ मा भने विद्युत् चुहावट १२.२६ प्रतिशत रहेको थियो ।

सरकारले आव २०८२/८३ मा विद्युत् चुहावटलाई १२.२० प्रतिशतमा झार्ने लक्ष्य लिएको थियो ।

सुकुम्वासीलाई दुई दिनभित्र होल्डिङ सेन्टर खाली गर्न सरकारको उर्दी



काठमाडौं, ९ मंसिर/काठमाडौंको नदी किनारबाट हटाइएका सुकुम्वासीलाई होल्डिङ सेन्टर पनि खाली गर्न सरकारले उर्दी जारी गरेको छ ।

बुधबार जिल्ला प्रशासन कार्यालय, भक्तपुरले सूचना जारी गरी दुई दिनभित्र होल्डिङ सेन्टर खाली गर्न भनेको छ । प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काले जारी गरेको सूचनामा वोडेस्थित कृषि विकास तालिम केन्द्रमा रहेका सुकुम्वासीलाई होल्डिङ सेन्टर खाली गर्न भनिएको छ ।

यो होल्डिङ सेन्टरमा १९ परिवार बस्दै आएका छन् । उनीहरूमध्ये सात परिवारको उनीहरूको पुर्ख्यौली थलोमा जग्गा रहेको पाइएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

त्यस्तै, बाँकी १२ परिवारका नाममा भने कतै जग्गा नदेखिएको सूचनामा उल्लेख गरेको छ । जग्गा भएका र नभएका सबैलाई मंसिर ११ गते दिउँसो २ बजेसम्म होल्डिङ सेन्टर खाली गर्न भनिएको छ ।

सूचनामा भनिएको छ, 'भूमिहीन नठहरिने भएका र जग्गा नदेखिएका सम्पूर्ण व्यक्तिहरूलाई यहि मिति २०८३/०८/११ गते १४:०० बजेभित्र होल्डिङ सेन्टर खाली गर्न हुन सूचित गरिन्छ ।'

प्रधानमन्त्री बालेन्द्र शाहको निर्देशनमा गत वैशाख १२ गतेदेखि काठमाडौंका नदी किनारका सुकुम्वासी बस्तीमा डोजर चलाइएको थियो । बस्तीमा रहेका सुकुम्वासीलाई विभिन्न स्थानमा होल्डिङ सेन्टरमा राखिएको थियो ।

उनीहरूलाई तीन महिनाभित्र बसोबासको व्यवस्था गरिने बताइएको थियो । तर, नदी किनारका सुकुम्वासी बस्तीबाट हटाइएका परिवारलाई अहिलेसम्म बसोबासको व्यवस्था गरिएको छैन । बरु उनीहरूलाई दुई दिनभित्र होल्डिङ सेन्टर खाली गर्न भनिएको छ ।

गगन थापा नेतृत्वको नेपाली कांग्रेस निर्वाचन आयोगबाट अद्यावधिक



काठमाण्डौ ९ मंसिर/निर्वाचन आयोगले गगन थापा नेतृत्वको नेपाली कांग्रेसलाई आधिकारिक रूपमा अद्यावधिक गरेको छ ।

आयोगको हिजो बसेको बैठकले कांग्रेसको नयाँ कार्यसमिति र विधान अद्यावधिक गर्ने निर्णय गरेको हो ।

नेपाली कांग्रेसले गएको असोज १८ देखि २३ गतेसम्म काठमाण्डौमा १५औं महाधिवेशन सम्पन्न गरेको थियो । महाधिवेशनबाट गगन थापाको नेतृत्वमा २३१ सदस्यीय केन्द्रीय कार्यसमिति निर्वाचित भएको छ ।

महाधिवेशन सम्पन्न भएपछि गएको कात्तिक १६ गते महामन्त्री प्रदीप पौडेल नेतृत्वको टोलीले विधान संशोधनसम्बन्धी विवरण, महाधिवेशनबाट पारित राजनीतिक दस्तावेज तथा समसामयिक राजनीतिक निर्णयहरूसहितको कागजात निर्वाचन आयोगमा पेश गरेको थियो ।

राजनीतिक दलसम्बन्धी ऐनअनुसार दलले पदाधिकारी वा कार्यसमिति हेरफेर गरेपछि आयोगमा जानकारी गराउनुपर्ने कानूनी व्यवस्था रहेको छ। त्यही प्रक्रिया र कागजातका आधारमा दल दर्ता किताबमा पदाधिकारी हेरफेरसम्बन्धी विवरण अद्यावधिक गरेको आयोगले जनाएको छ ।

पर्सामा २९ हजार ५ सय ६८ जना मतदाता बढे



वीरगञ्ज, ९ मंसिर/पर्सा जिल्लामा रहेका कुल मतदातामा २९ हजार ५ सय ६८ जना मतदाता बढेका छन् ।

निर्वाचन कार्यालयले जारी गरेको सुचना अनुसार भदौ १५ गतेसम्म मतदाता नामावली दर्ता गरेका तथा यस अवधिसम्म १८ वर्ष पूरा भएका मतदाता २९ हजार ५ सय ६८ जना रहेका छन् । गत निर्वाचनमा ३ लाख ५२ हजार ४ सय ८४ जना मतदाता रहेको पर्सा जिल्लामा अब कुल तीन लाख ८२ हजार ५२ जना मतदाता भएका छन् ।

जिल्ला निर्वाचन कार्यालय, पर्साका सूचना अधिकारी अरुण कुमार ठाकुरका अनुसार पर्साको एक महानगरसहित १४ स्थानीय तहमा कुल तीन लाख ८२ हजार ५२ जना मतदाता रहेका छन् ।

पर्सा जिल्लामा पुरुष मतदाताको सङ्ख्या महिलाभन्दा ४७ हजार ८२३ ले बढेको तथ्याङ्कले देखाएको छ । पर्सामा दुई लाख १४ हजार ९३० पुरुष र एक लाख ६७ हजार १०७ महिला मतदाता रहेका छन् । त्यस्तै, अन्य समूहका १५ जना मतदाता रहेको कार्यालयले जनाएको छ ।

पर्सा जिल्लाका १४ स्थानीय तहमध्ये महानगरमा मात्रै सबैभन्दा बढी एक लाख चार हजार १७ जना मतदाता रहेका छन् । त्यसैगरी, बहुदरमाई नगरपालिकामा २७ हजार ६२३, पर्सागढी नगरपालिकामा २४ हजार ३२०, पोखरिया नगरपालिकामा २१ हजार ६७२ र सखुवाप्रसौनी गाउँपालिकामा २१ हजार ३६४ जना मतदाता रहेका छन् ।

त्यसैगरी, जगरनाथपुर गापामा २० हजार ९०३, विन्दवासिनी गापामा १६ हजार २६२, छिपहरमाई गापामा १६ हजार सात, पटेर्वासुगौली गापामा १५ हजार ४०७ र ठोरी गापामा १५ हजार २८५ जना मतदाता रहेका छन्

कालिकामाई गापामा १४ हजार ४५८, जीराभवानी गापामा १४ हजार ७६, धोबिनी गापामा १३ हजार १२३ र पकाहामैनपुर गापामा १३ हजार १०३ जना मतदाता रहेको विवरणमा उल्लेख छ ।

वीरगञ्जमा २२ लाख बराबरका सामान बरामद



वीरगञ्ज (पर्सा),९ मंसिर/पर्सा प्रहरीले २२ लाख दुई हजार ७०० बराबरका मालसामानसहित तीनवटा गाडी नियन्त्रणमा लिएको छ ।

वीरगञ्ज महानगरपालिका(१० रानीघाटस्थित भारतबाट भन्सार छली चोरीपैठारी गरी भित्र्याइएका चार लाख २३ हजार ५०० बराबरका सामान बरामद गरेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिनुभयो ।

तीन वटा गाडीमाअ भन्सार छली ल्याउँदै गरेको १७ लाख ७९ हजार २०० बराबरका कपडालगायत सामान नियन्त्रणमा लिइएको छ । नियन्त्रणमा लिइएका गाडी र सामान वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको छ ।

कलैयामा नेकपाको जागरण अभियान एवं प्रशिक्षण कार्यक्रम



कलैया, ९ मंसिर/नेपाली कम्युनिस्ट पार्टी (नेकपा) आज कलैयामा जागरण अभियान तथा अभिमुखीकरण एवं प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

पार्टीको राष्ट्रिय कार्यक्रम अनुसार बारा जिल्ला समितिको आयोजनामा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको हो ।

पार्टीका केन्द्रीय सदस्य एवं बारा जिल्ला संयोजक कमरेड गीता कडेलको अध्यक्षतामा भएको उक्त कार्यक्रमका प्रमुख अतिथि केन्द्रीय कार्यदल सदस्य एवं मधेश प्रदेश इन्चार्ज महेन्द्र राय यादव रहनुभएको थियो भने विशिष्ट अतिथिका रूपमा मधेश प्रदेश सह(इन्चार्ज रामकुमार भट्टराई, प्रदेश सह(संयोजक क्षेत्रबहादुर श्रेष्ठ (अनिल), बारा जिल्ला इन्चार्ज रमेशकुमार यादव तथा जिल्ला सह(इन्चार्ज बतहु यादवको उपस्थिति रहेको थियो ।

कार्यक्रममा केन्द्रीय समिति सदस्यहरू, जिल्ला समितिका पदाधिकारीहरू तथा मधेश प्रदेश समितिमा प्रतिनिधित्व गर्ने प्रदेश समिति सदस्यहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा पार्टीका नेताहरुले राष्ट्रिय जागरण अभियानको महत्त्व, पार्टीको नीति, विचार र आगामी कार्यदिशाबारे प्रशिक्षण दिएका थिए । साथै, राष्ट्रिय जागरण अभियानलाई प्रभावकारी रूपमा वडा तथा नगरस्तरसम्म सञ्चालन गर्न आवश्यक निर्देशनसमेत दिनुभएको थियो ।

अमेरिका निवासी कार्कीद्वारा निजगढका क्लबका खेलाडीहरूलाई खेल सामग्री सहयोग

निजगढ, ९ मंसिर/अमेरिकाको मेरील्यान्डस्थित बाल्टिमोरमा बस्दै आएका निजगढ नगरपालिका(९ प्रभातबस्तीका ५३ वर्षीय कुमार कार्कीले निजगढका २ वटा क्लबलाई मङ्गलवार फूटबल खेल सामग्री प्रदान गर्नुभएको छ ।

उहाँले निजगढ फुटबल क्लबका खेलाडीका लागि २० थान जर्सी, १२ थान फूटबल र एक थान पञ्जा क्लबका निवर्तमान अध्यक्ष दिनेश श्रेष्ठलाई हस्तान्तरण गर्नुभएको हो ।

त्यसैगरी कार्कीले निजगढ भेट्रान्स क्लबका खेलाडी विदुर खड्कालाई पनि कार्कीले २० थान जर्सी, दुई थान फूटबल र एक थान पञ्जा प्रदान गर्नुभएको छ ।

खेल सामग्री हस्तान्तरण गर्दै कार्कीले फुटबल, मार्शल आर्ट्सलगायत रुचि अनुसारका खेल र अन्य विधामा सहभागी गराउँदा किशोर किशोरीहरुको चौतर्फी ज्ञान, सीपसँगै हौसला बढ्ने बताउनुभयो ।

त्यसैगरी, ४० वर्षमाथिका भेट्रान खेलाडीले पनि स्वस्थ जीवनको लागि खेलकुदमा सहभागी हुनुपर्ने बताउनुभयो

कार्कीको सहयोगले क्लबका खेलाडीहरुको हौसला बढ्नुका साथै क्लबलाई समेत ऊर्जा मिलेको निजगढ फुटबल क्लबका निवर्तमान अध्यक्ष श्रेष्ठले बताउनुभयो ।

सप्तरीमा हात्तीको आक्रमणबाट दुई जनाको मृत्यु, दुई जना घाइते



सप्तरी, ९ मंसिर/सप्तरीमा पछिल्लो दस दिन यता जङ्गली हात्तीको आक्रमणबाट दुई जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् । रुपनी गाउँपालिका र सुरुङ्गा नगरपालिकामा छुट्टाछुट्टै समयमा भएको घटनामा दुई जनाको मृत्यु भएको हो ।

बुधबार बिहान रुपनी गाउँपालिका(६ मिलन चोकका ५३ वर्षीय शुपबहादुर श्रेष्ठको जङ्गली हात्तीको आक्रमणबाट मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले जानकारी दिनुभयो । उहाँका अनुसार बुधबार बिहान करिब १:३० बजे ३० देखि ३५ वटाको सङ्ख्यामा रहेका जङ्गली हात्ती श्रेष्ठको घरमा पुगेका थिए । हात्ती आएको देखेपछि घरबाट निस्केर भाग्ने क्रममा हात्तीले आक्रमण गर्दा श्रेष्ठको घटनास्थलमै मृत्यु भएको थियो ।

घटनाबारे जानकारी पाएपछि इलाका प्रहरी कार्यालय रुपनीबाट प्रहरी टोली घटनास्थल पुगेको थियो । त्यसपछि जिल्ला प्रहरी कार्यालय सप्तरीबाट प्रहरी निरीक्षक राज यादवको नेतृत्वमा थप प्रहरी टोली खटिएको थियो

आक्रमणपछि हात्तीको बथान जङ्गलतर्फ गएको प्रहरीले जनाएको छ

प्रहरी नायब उपरीक्षक घिमिरेका अनुसार जङ्गली हात्तीले पछिल्लो समय रुपनी गाउँपालिका(६ का नौ वटा घर तथा भान्सा संरचनामा क्षति पुऱ्याएको छ । हात्ती धपाउने क्रममा स्थानीय ४७ वर्षीय शिवशङ्कर यादव लडेर घाइते हुनुभएको छ । उहाँको घुँडा र हातको कुहिनामा चोट लागेको र अवस्था

बाँकी तेश्रो पेजमा

सिरहामा स्कर्पियोको ठक्करबाट साइकलयात्रीको मृत्यु

सिरहा, ९ मंसिर/सिरहामा स्कर्पियोको ठक्करबाट एक जना साइकलयात्रीको मृत्यु भएको छ ।

गोलबजार नगरपालिका(४ निपनिया टोलस्थित सडकमा स्कर्पियोको ठक्करबाट साइकलयात्री सोही ठाउँ बस्ने ५० वर्षीय बसन्त महराको मृत्यु भएको हो ।

दुर्घटनामा गम्भीर घाइते भएका उनको गोलबजार हेल्थकेयरमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । प्रहरीले हाल फरार स्कर्पियो र चालकको खोजी गरिरहेको जनाएको छ ।

हेटौंडाको द डोर होटलमा आगलागी, ४३ लाख रुपैयाँको क्षति

हेटौंडा, ९ मंसिर/मकवानपुरको हेटौंडा उपमहानगरपालिका(५ पिप्लेचोक नजिकै रहेको द डोर होटलमा आगलागी हुँदा करिब ४३ लाख रुपैयाँ बराबरको क्षति भएको छ ।

मंगलबार राति करिब ११:३० बजे होटलको भान्साकोठा (किचन) र हलमा आगलागी भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

आगलागीको खबर प्राप्त हुनासाथ प्रहरी चौकी सानोपोखराबाट प्रहरी टोली घटनास्थल पुगेको थियो। स्थानीय, प्रहरी र दमकलको सहयोगमा आगो नियन्त्रणमा लिइएको थियो । सोही राति १२:२० बजे आगो पूर्ण रूपमा नियन्त्रणमा आएको प्रहरीले जनाएको छ ।

आगलागी निभाउने क्रममा होटल सञ्चालक २९ वर्षीय आशिष गौतम र दमकल कर्मचारी ३५ वर्षीय नवीन नेपाल हात जलेर सामान्य घाइते बनेका छन । उनीहरूको स्थानीय मेडिकलमा उपचार गरिएको प्रहरीले जनाएको छ । घटनामा अन्य मानवीय क्षति भएको छैन ।

आगलागीबाट होटलको भान्साकोठा र हलमा रहेका सम्पूर्ण सामान जलेर नष्ट भएका छन्। होटल सञ्चालकका अनुसार कोठासहित करिब ४३ लाख रुपैयाँ बराबरको क्षति भएको छ ।

आगलागीको यकिन कारण खुल्न नसकेको भए पनि विद्युतीय तार सर्ट भएर आगलागी भएको हुन सक्ने प्रहरीको प्रारम्भिक अनुमान छ ।

शिक्षामा पहुँच सुनिश्चित गरौं



- शिक्षाबाट वञ्चित हुने अवस्थाको अन्त्य गरौं,
- विद्यार्थीमा सिर्जनशील क्षमताको विकास गरौं,
- विद्यार्थी मैत्री वातावरण निर्माण गरौं,
- विद्यार्थीमा अनुशासन, नैतिकता, सहिष्णुता र सामाजिक उत्तरदायित्वको भावना विकास गरौं,
- शिक्षालाई जीवनोपयोगी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक:के.एस.मल्टिप्रपोज प्रा.लि., बीरगञ्ज पर्सा, प्रबन्ध संचालक एवंभाषा -सम्पादक :- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक :- गोकुल घोरसाइने, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, व्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय:- निजगद नगरपालिका वार्ड नम्बर-४ बारा email:– kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक:- के. एस. मल्टिप्रपोज प्रा .लि. बीरगञ्ज ,पर्सा ०५१-५९१८७३